# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-२२ भाद्र, २०६८

## भित्र



साप गतिविधि................२



स्वयम्सेवक प्रशिक्षण कार्यक्रम .......................२

सफलताको कथा ..........३

सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org

# नागरिक सचेतना केन्द्र गठन

२०६८ भाद्र । लमजुङ जिल्लाका चारवटा गाविसमा समग्र र जिल्ला विकास समिति लमजुङको सहकार्यमा सञ्चालन भएको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमअन्तर्गत चिती, बाँभ्राखेत, हिलेटक्सार र भुजुङ गरी ४ वटा गाविसहरूमा नागरिक सचेतना केन्द्र स्थापना भएको छ । सो सचेतना केन्द्रमा दलित, विपन्न, जनजातिको बाहुल्यता हुने गरी ३०-३० जना समावेशी संरचनामा सहभागी भएका छन् । यसरी गठन भएका नागरिक सचेतना केन्द्रहरूलाई व्यवस्थित रूपमा कार्य सञ्चालन गर्न आवश्यक पर्ने मसलन्द, टेबुल, कुर्सीलगायतका सामान हस्तान्तरण गरियो ।

गठन भएका हरेक नागरिक सचेतना केन्द्रका लागि कार्यालय टेबुल एउटा, ३० वटा कुर्सी, ह्वाइट बोर्ड एकवटा, नामपाटी एउटा, आदि गरी जम्मा १ सय ३२ थान सामग्री खरिद गरी उपलब्ध गराइयो । सामान खरिदतर्फ १ लाख १९ हजार ४९ रुपैयाँ खर्च भएको थियो ।

नवगठित नागरिक सचेतना केन्द्रहरूको बैठकले सडक निर्माण, विद्युत् विस्तारलगायत आफ्नो गाउँको विकास कार्यलाई अगाडि बढाउने निर्णय गरेका छन् ।

यी बैठकहरूमा स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूको समेत उपस्थितिमा निर्णय गरेको पाइन्छ । स्थानीय जनताको पहुँच र नेतृत्वमा आफ्नो गाउँ क्षेत्रको विकासका गतिविधिहरूलाई सहज र पारदर्शी प्रणालीद्वारा अगाडि बढाउने प्रयास भएकाले यसमा रकमको पूरै सदुपयोग हुनुका साथै विकास निर्माणका काम सम्पन्न भएपछि आफू र आफ्ना सन्ततीले प्रयोग गर्ने हुँदा यसको दिगो र निरन्तरता रहने गरी कार्य सम्पादन हुन्छ भन्नेमा स्थानीय बासिन्दा ढुक्क छन् । जिल्लाबासीहरूले लमजुङ जिविसबाट यस्तो काम थालनी गरेकामा खुसी व्यक्त गरेका छन् ।



*जुन आमा र बाबुले आफ्नो सन्तानलाई पढाउँदैनन् वा शिक्षा दिँदैनन् त्यस बालकका लागि उसकी आमा शत्रु र बाबु बैरी समान हुन जान्छन् । - अध्याय-२ चाणक्य नीति शास्त्र !*

# सामाजिक परिवार गतिविधि : धादिङ

कुम्पुर गाविसमा स्थानीय महिलाहरूको नेतृत्वमा गठन र सञ्चालनमा रहेका सामाजिक परिवारहरूले मानवअधिकार भनेको के हो भन्ने विषयको भिन्दाभिन्दै कार्यशाला गोष्ठी, तालिम तथा आ-आफ्ना सापका सदस्यहरूबीच छलफल चलाएका छन् । छुवाछुत र भेदभाव हटाउने, स्थानीय शोषणबाट मुक्त हुने, महिलामाथि हुने घरेलु हिंसाबाट पीडितहरूलाई न्याय दिलाउने, घरेलु हिंसा रोक्न परिवारका मूलीहरूलाई सम्झाउने आदि कार्यमा सक्रियतापूर्वक लागेका छन् ।

यसका अतिरिक्त आर्थिक विकास, सामुदायिक भवन निर्माण, सीप विकास र उन्नत कृषितर्फ यहाँका महिलाहरू अग्रसर हुँदै आएका छन् । यसै सन्दर्भमा देवीस्थान सामाजिक परिवारले सहयोग रसिदमार्फत स्थानीय गिट्टी, ढुङ्गा बिक्रीबाट ५० हजार सङ्कलन गऱ्यो । सो रकममध्ये महाँकाल सामाजिक परिवारले निर्माण गर्न लागेको सामुदायिक भवनका लागि २० हजार सहयोगस्वरूप उपलब्ध गराई भवन निर्माण कार्य सम्पन्न भयो ।

यस्तै धादिङ जिल्ला सदरमुकामबाट १५ कोष टाढा रहेको री गाउँ विकास समितिमा सामाजिक परिवारका सदस्य र स्थानीय जनप्रतिनिधिहरूको संयुक्त प्रयासमा दलित र जनजातिबीच छुवाछुतसम्बन्धी कुनै भेदभाव छैन । विकको घरमा तामाङ आएर खाना खाने, सँगै बस्ने र विकहरूको घरमा तामाङ गएर खाना पकाउने र सँगै बसेर खाने, एक अर्काको विवाहमा जन्त जाने, सँगै बसेर भोज खाने चलन सुरु भएको छ ।

मुक्ति सामाजिक परिवारका अध्यक्ष सूर्यमान विक री गाउँ वडा नं.७ ताजिमराङका गाउँमूली पनि हुन् । यस्तो परिवर्तन आफैँले भोग्न पाउँदा पुराना दिनका ती कष्ट र पीर बिर्सँदै गएका छन् ।




प्र.जि.अ वीरबहादुर राई



# स्वयम्सेवक प्रशिक्षण कार्यक्रम

उदयपुर, गाईघाटमा आयोजित प्रशिक्षण कार्यक्रममा प्रमुख अतिथिका रूपमा आउनुभएका प्रमुख जिल्ला अधिकारी वीरबहादुर राईले आफ्नो शुभकामना मन्तव्य दिने क्रममा भन्नुभयो, "समग्र जस्ता संस्थाहरूले ग्रामीण तहमा रहेका विपन्न, दलित, महिला र पीडितहरूका लागि धेरै काम गरेका छन् । त्यसमा धैरै ग्रामीण विपन्नहरू जागरुक पनि भएका छन् । तर गैरसरकारी संस्थाहरूलाई एउटा आरोप लगाउने गरिएको छ । तताउने काम गर्छन् । तातेकाहरूको व्यवस्थापनका लागि पनि अलिकति अनुशासित तरिकाबाट आफ्ना माग राख्ने, भइदिएमा यसबाट समाजको उन्नतिमा ठूलो फरक पर्छ र सकारात्मक उपलब्धि लिन पाउँछन् । यस्तो कार्यक्रममा आउँदा खुसी लाग्यो किनकि उदयपुरका सुदूर गाउँदेखि युवायुवतीहरू स्वयम्सेवक भई आफ्नो गाउँमा समाज परिवर्तनका लागि योगदान पुऱ्याउने उद्देश्यले आउनुभएको छ, तपाईंहरूको उद्देश्य पूरा होस् । सिकाएका राम्रा कुराहरू सिकेर जानुहोस् । प्रशिक्षण कार्यक्रम सफल होस् । मेरो तर्फबाट शुभकामना ! बोलाउनुभएकोमा आयोजकहरूलाई धन्यवाद !

प्रशिक्षण कार्यक्रममा स्वयम्सेवकहरूको भूमिका, सामाजिक मूल्यमान्यता, समावेशी प्रक्रियाबाट विपन्नहरूलाई सामाजिक परिवारमा आबद्ध गराउने तरिका, सामाजिक परिवार भनेको के हो र यसले कस्तो काम गर्छ, सामाजिक परिवार गठन भई काम थालेका गाउँहरूमा कस्ता परिवर्तनहरू देखा परेका छन्, सामाजिक परिवारका माध्यमले छुवाछुत र भेदभावमा आएको कमी, स्रोतहरूमा कसरी पहुँच पुऱ्याउने भन्नेबारेमा प्रशिक्षण केन्द्रित थियो । प्रशिक्षण कार्यक्रमबाट

स्वयम्सेवकहरु उत्साहित हुँदै आ-आफ्नो कर्मक्षेत्रतर्फ लागे ।

# सफलताको कथा



**सुखीलाल सदा**
**पिप्रा-८, सप्तरी**

२०३२ सालमा पिप्रा पश्चिमको पुरानो सदा बस्तीमा जन्मेका सुखीलाल आफ्नो बाल्यकालको दिन सम्झँदै भन्छन्, "म ७/८ वर्षको उमेरमा अर्काको घरमा भैंसी चराउने, गोबर सोहोर्ने, भाँडा माझ्ने काम गर्दै हुर्किएको हुँ । म थापाको घरमा नोकरी गर्थें । ११/१२ वर्षको उमेरमा, म भागेर आफ्नो घर गएँ, त्यतिखेर मेरो घर अहिलेको भन्दा सानो थियो, त्यसमा पनि चारैतिर मुसाले प्वाल पारेर बाहिर माटो निकालेर बस्न नहुने बनाएको थियो । मलाई यो भत्काएर नयाँ बनाऊँ भन्ने लाग्यो । बुबाआमा ज्याला गर्न जानुभयो । मभन्दा सानो भाइलाई माटो मुछ्न लगाएर मुसाले खनेको माटो फालेर मुसाका दुलाहरू टाल्दै थिएँ । त्यसै बेला गोमन साँपले मेरो देब्रे हातको कान्छी औंलामा टोक्यो । म धुरी-खामोमा समाएर माटोले लिप्दै थिएँ त्यसै बेला धुरी खामबाट तल्तिर आएको गोमनले मलाई डस्यो, कान्छी औंला देखाउँदै उनी भन्छन् । यो औंला नै गोमनको मुखमा पस्यो म कराएँ, कहाली लाग्दो गरी कराएँ । बुबा ज्यालाबाट आएर अर्को घरमा बसेर बिँडी तान्दै हुनुहुँदोरहेछ । श्रावणको महिना वर्षा झमझम परेको थियो । म रून थालें, बुबाले विष झार्न थाल्नुभयो । घर भत्काएर गोमनलाई गाउँलेले घरको धुरीबाट तल झारे, गोमनको मुख थुनेर पानी खाने घैलामा बन्द गरेर राखे । गाउँलेहरू मिलेर मलाई बोकेर लहानको अस्पताल ल्याए, अस्पताल ल्याउँदा बुबासँग एक पैसा पनि थिएन । मलाई अस्पतालमा छोडेर बुबा पैसा खोज्न हिँड्नुभयो । त्यति बेला लहान नगरपालिकाका उप-प्रधानपञ्च धनीलाल मण्डलकहाँ गएर रुनुभयो । सर्पले टोक्यो भन्दा बैठक बसेका उप-प्रधान बैठक स्थगित गरी अस्पताल आउनुभयो । त्यति बेर प्रधानले गएर यो मान्छे मर्नुहुँदैन जसरी पनि बचाउनुपर्‍यो भनेर डाक्टरलाई भनेको, उनी सम्झन्छन् । धनीलालले भनेपछि मात्र मेरो उपचार राम्रोसँग हुन थाल्यो । म होसमा आएँ । आठ दिन अस्पतालमा बसेपछि मलाई ठीक भयो । त्यस बेला तीन हजार लाग्यो । त्यो पैसा चुकाउन मेरो दाइ १४/१५ साल नोकरी बस्नुपर्‍यो ।"

> **"आठ दिन अस्पतालमा बसेपछि मलाई ठीक भयो । त्यस बेला तीन हजार लाग्यो । त्यो पैसा चुकाउन मेरो दाइ १४,१५ साल नोकरी बस्नुपर्‍यो ।"**

यस्ता थुप्रै घटना भोगेका सुखीलाल सदाले २०५८/०५९ तिर सामाजिक परिवार गठन गरे । दलित कल्याण सामाजिक परिवारका उपाध्यक्ष सुखीलाल गाविसमा सर्वदलीय प्रतिनिधिमा दलित प्रतिनिधि छानिएर काम गर्छन् । उनको सापमा अध्यक्ष भने असीलाल सदा छन् । यी दुई खूब मिल्ने साथी पनि हुन् । त्यति बेला असीलाल र म दुवै खूब रक्सी खान्थ्यौं, रक्सी खाए पनि हामी गाउँको दुःख कसरी फेर्ने भनेर कुरा गर्ने गर्थ्यौं । दिनभरि दाउरा खोज्यो, लहान लगेर बेच्यो अनि प्रौढ कक्षा पढ्न गयो । त्यो बेला साना किसानले प्रौढ कक्षा दिएको थियो । हाम्रो गाउँका ४० जना पढ्न जानेमा म, असीलाल, छविलाल पास हुन्यौं । दिनभरि दाउरा काट्ने, बेच्ने गर्दा जीउ दुःख्यो रक्सी खाने तर साँझ पढ्न भने जाने गर्थ्यौं । ४० जनामा हामी तीन जनाले प्रमाणपत्र पायौं । हामी दुई जना, असीलालतर्फ देखाउँदै, गाउँको दुःख फेर्न कोसिस गर्थ्यौं तर पनि हामी रक्सी खान्थ्यौं । त्यस बेला हामीलाई कसैले हेला गरे, हप्काए । ठूला जातका र धनीहरूले भेडिया थानामा थुनामा पनि राखे । तीन खेप जति थुनामा परियो । पुलिसलाई आफ्नो दुःखको कुरा सुनाउँथ्यौं । मलाई पुलिसले कहिले पनि पिटेनन् बरु सम्झाउने गर्थे । जाँडरक्सी नखाऊ, तिम्रो कुरा ठीक छ भन्थे ।

२०६१ सालको असोजमा हाम्रो गाउँमा हैजा फैलियो, चार-पाँच जना मरे । त्यति खेर वातावरणले हामीलाई बाखापालन गर्न सघाएको थियो । हैजा लागेपछि हृदयलाल चौधरीलाई खबर गर्‍यौं, सहयोग खोज्यौं । त्यसपछि कान्तिपुर एफ.एममा फोन गर्न सल्लाह दिए । कान्तिपुर एफ. एम. ले हाम्रो गाउँमा हैजा फैलिएको र मान्छे मरेको खबर दियो । डाक्टरको टोली गाउँमा आएर हैजाको उपचार भयो, त्यसपछि सरस्वती समुदायको टोली पुगेर सघायो । श्रावण २० गतेबाट झाडा-पखालाबाट उम्क्यौं । २०६१ भाद्र ८ गते चकाहा खोलाले गाउँ नै बगायो । २४ घर बगायो । ८ गतेदेखि घर भत्काउन थालेको भाद्र १२, १३ गतेसम्ममा त गाउँ नै पूरै बगायो । त्यहाँबाट उठायो । पछि काम गरौंला भनेर अरूको सापटी ल्याएर खाएका थियौं । ती सबै पैसा माग्न थाले ।

एकातिर बास उठिरहेछ । बालबच्चा विचल्ली छन् । साहू ऋण फिर्ता माग्छ, जंगलमा गएर बस्न खोज्दा जङगल मासिन्छ भनेर बस्न दिएन । त्यसपछि जग्गा खोज्न थाल्यौं । लहानका रामविलास खेतानको १९ कट्ठा नम्बरी जग्गा रहेछ । त्यसै बेला समग्रका रामप्रसाद चौधरीसँग भेट भयो । फेरि समग्रका दुर्गाप्रसाद महतोसँग भेट भयो, अनि दुर्गा सरको प्रयासमा ७० हजारमा हामीले १९ कट्ठा जग्गा लिन सघाउनुभयो, समग्रले आवत-जावत र जग्गा पास खर्च दियो । दुर्गा सरले राम्रो पहल गरिदिनुभयो । हामी बास उठेका २४ घरले १६/१६ धुरका दरले जग्गा पास गरेर लालपुर्जा बनाएर राखेका छौं । १० धुरको सामुदायिक भवन बनाएका छौं ।

उमेर पुगेका सबै जनाको नागरिकता बनाएका छौं । बालकक्षा सञ्चालन गरेका



छौं । ४० हजार वातावरण संरक्षण कोषबाट, ३० हजार स्थानीय समुदायबाट, घर बनाउन सिमन्टीको पिलर प्रत्येक घरलाई ५ वटाको एक-एक बन्डेल जस्ता पाता पायौं। खानेपानीका लागि जिविस र गाविसबाट सहयोग ल्याएर इनार बनायौं । ट्युवेल गाड्यौं । सामुदायिक भवन बन्यो, बाटो राम्रो बन्यो, बाटो खन्दा दुर्गा सरले नास्ता बोकेर ल्याउनुभयो, बाटोको लडाइँमा सँगै लड्नुभयो समग्रबाट विभिन्न अधिकारमुखी तालिम पायौं । त्यसले बाटो देखियो, सरहरूको सहयोग पाएकाले अगाडि बढ्दै गयौं । अब त एक्लै पनि आँट आउँछ । पहिलाको भन्दा के फेरियो त भनेर सोध्दा सुखीलाल भन्छन्, "पहिला ठूलो जातिका मान्छेले खानेपानीको इनारमा पानी भर्न दिँदैन थिए । मुसहरहरूले नयाँ लुगा लगाएर हिँडे भने चोरेर ल्याए भनेर उल्याउँथे । घडी, जुत्ता लगायो भने चोरेर ल्यायो भनेर छानबिन गर्ने, कसैको गाउँमा केही हरायो भने पहिला हाम्रो गाउँमा आएर छानबिन गर्ने, शंका गर्ने, केही भयो भने आएर कुट्ने गर्थे । नचोर्दा पनि हो भन्न बाध्य बनाइन्थ्यो । त्यति बेला होइन भनेर बोल्यो भने हेर यो मुसहर बाठो भएर कुरा गर्छ भन्दै कुट्थे । बाटो हिँड्न नपाउने, बोल्न नपाउने, त्यो सम्झँदा र आजको अवस्था आउँदा त स्वर्ग जस्तो लाग्छ ।

अहिले त राम्रो लगाउँदा, मीठो खाँदा, मोबाइल बोक्दा कसैले केही भन्दैनन्, खिसी गर्दैनन् । हाम्रो गाउँमा मानिसहरू सँग पनि मोबाइल छ । रेडियो, साइकल धेरैसँग छ । त्यही साइकलमा दाउरा पनि बोक्छौं । मोबाइल पनि घन्काउँछौं । पहिला हामीलाई केही पद दिएको थिएन, अहिले स्कुलमा म अध्यक्षमा लडें, आफ्नो साथी स्कुल व्यवस्थापन समितिको सदस्य बने । छात्रवृत्ति हाम्रा सबै बच्चाले पाएका छन् । यसपालि ३६ वटा दलित बच्चाले छात्रवृत्ति पाएका छन् । हाम्रा सापका सदस्यहरूका केटाकेटीहरूले जेहेन्दार छात्रवृत्ति पनि पाएका छन् । यसपालि दलित छात्रवृत्तिको रकम हाम्रो गाउँमा २८ हजार ल्यायौं ।

> **"हामीले नै दिनदिनै दाउरा काट्दा हाम्रो छोरा नातिले वन देख्न नपाउलान् भन्ने डर लागेको छ । हामीले नै वन सक्यौं भने भविष्य के हुन्छ होला ?"**

अहिले पढ्नलाई दुःख छैन, उमेर पुगेका सबै बच्चा स्कुल जान्छन् । पाँच वर्षमुनिका बालकक्षा पढ्छन् । पाँच वर्षमाथिका सबै स्कुल जान्छन् । मैले सबैलाई बच्चा पढाउन जोड दिएको छु । हाम्रो गाउँमा माथिल्लो ८ कक्षासम्म पढ्ने विद्यार्थी छन् । साप गठन भएयता बोल्न सिक्यौं, हाम्रो बुद्धिको खूब विकास भयो । सरसफाइ बढ्यो । प्रत्येक महिनाको १५ गते सापको बैठक बस्छौं । महिनाको दुई चोटि १ गते र १५ गते मासिक दुई पटक बैठक राख्छौं ।

कोषतर्फ मासिक प्रत्येकबाट रु. १०।- उठाउँछौं । हाम्रो सापमा अहिले ३६ घर सदस्य छौं । हाम्रो कोष अहिले १५ हजार छ, बाढी-पीडित हुँदा, झाडा-पखाला लाग्दा आठ-दश हजार खर्च गर्‍यौं र पनि १५ हजार जम्मा छ । १५ हजार कोषबाट आपतकालीन अवस्थामा हामी निःशुल्क सापटी दिन्छौं । ब्याज लिँदैनौं । मर्दा, बिरामी हुँदा, सुत्केरी हुँदा, हातखुट्टा भाँचिएमा बिनाब्याज सापटी दिन्छौं । तीन महिनासम्म ब्याज छुट गर्छौं । विवाह, पूजापाठ गर्दा ब्याज मासिक रु.२।- तिर्नुपर्छ । हामी समूहबाहिरका दलितहरूलाई पनि ब्याजमा सापटी दिन्छौं तर गैरदलितलाई दिन भने हामी कोष सानो भएकाले सकेका छैनौ र सापलाई जोगाएर लैजान्छौं । अब के गर्ने विचार छ त ? उनी भन्छन्, "दाउरा बोक्ने र जङ्गल जाने समस्याबाट मुक्त हुन पाए हुन्थ्यो । हामीले नै दिनदिनै दाउरा काट्दा हाम्रा छोरा-नातिले वन देख्न नपाउलान् भन्ने डर लागेको छ । हामीले नै वन सक्यौं भने भविष्य के हुन्छ होला ? अहिले प्रत्येक दिन लहानमा ४ सयदेखि ५ सय भारी दाउरा जान्छ । हाम्रो भविष्य के हुने सबै मिलेर हामीलाई जङगलमा आश्रित हुनबाट उम्काउनुपर्‍यो ।" के उपाय छ त ? भन्दा सुखीलाल र असीलाल एकै स्वरमा भन्छन् "पहिलो उपाय अरूको जग्गा बटैया गरेर तरकारी खेती गर्ने, जस्तै माछापालनका लागि पोखरी खन्न पाए, वनभित्र खाली ठाउँमा बाँस, अम्लिसो, आँप, लिची, बाबियो, जडीबुटी लगाउन पाए, हामी मात्र होइन तराईका सबै भूमिहीनहरूको जीवनमा सुधार ल्याउँथ्यौं । बच्चाहरूलाई पनि उच्च शिक्षा दिलाउन पाइन्थ्यो । गरिबी निवारणबाट दुई-चारवटा बाखा दिएर मात्र हाम्रो सुधार होला जस्तो लाग्दैन । जङ्गलबाहिर गएर धेरै काम गर्न पाए मात्र हामी आफैं जङ्गल जोगाएर देखाइदिन्थ्यौं ।"

हाम्रो पुर्ख्यौली थलो सिरहाको गोविन्दपुरको मलनवा गाउँ हो । त्यहाँबाट ६० वर्षपहिला मेरा बाजे चहका आएका रहेछन् । त्यो बेला चकाहा खोलामा एकदम धेरै रूखहरू ठूलठूला थिए रे । कसैले जङ्गल नकाट्ने सडेलडेका मात्र काठ काट्ने चलन थियो रे । जब बहुदल आयो । जङ्गल पनि मासियो । खोला ठूलो हुँदै गयो, खेतीयोग्य जग्गा सबै बगायो, अब बाहुन, मगर र सदा सबैले दाउरा बोक्छन् । पहिलाका मान्छेले जस्तै जङ्गल जोगाउन सके खोला पनि सानो हुन्छ । रूखको जराले मात्र बढी रोक्न सक्छ । चार भाइमध्येका साहिला सुखीलालको आमाबुबा दुवै परलोक भए । श्रीमती र ३ सन्तानका पिता सुखीलालले श्रीमतीलाई परिवार नियोजन गराएका छन् । ५ कक्षामा छोरी र छोरा चारमा पढ्छन्, हँसिला अनुहारका सुखीलाललाई गाउँमा नेताजी भन्छन् । नागरिक वडा मञ्चको सदस्य र असीलाल सदालाई दौंतरी र सँगै खाने, चिन्तन गर्ने सहयोगी मित्र मान्छन् ।